# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

# आ. व. २०७५/०७६ को प्रमुख कार्यक्रमहरु


**नीता पोखरेल अर्याल**

**सहसचिव**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

# संस्कृति संरक्षण र विकास

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| राष्ट्रिय संग्रहालय निर्माण र सम्पदा संरक्षण एवं पुननिर्माण | **क्रियाकलाप १:** भुकम्पबाट क्षतिग्रस्त सम्पदाको पूनर्निर्माण गर्ने । | | |
|  | माइलस्टोन १: भुकम्पबाट क्षतिग्रस्त सम्पूर्ण सम्पदाहरु संरक्षण तथा पूनःनिर्माण कार्य ३ वर्ष भित्र सम्पन्न गर्नका लागि कार्ययोजना तयार गर्ने । | 075 श्रावण | पुरातत्व विभाग |
| | माइलस्टोन २: भुकम्पबाट क्षतिग्रस्त १३१ सम्पदा पुनर्निर्माण आ.व. ०७४।७५ मा सम्पन्न हुने र २०० वटा थप सम्पदाहरु आ.व. ०७५।७६ मा पूनर्निर्माण गर्ने । | 07६ आषाढ | पुरातत्व विभाग |
| | माइलस्टोन ३: रानीपोखरी परिसरको बालगोपालेश्वर मन्दिरको पुननिर्माण कार्य सम्पन्न गर्ने। | 075 चैत्र | पुरातत्व विभाग |
|  | माइलस्टोन 4: विश्व सम्पदा सूचीमा रहेका काठमाण्डौं उपत्यकाका सम्पदाको पुनर्निर्माण सम्पन्न गर्ने।<br>• स्वयम्भू र बौद्धनाथ<br>• पशुपति, चाँगुनारायण, पाटन दरवार स्कवायर<br>• हनुमानढोका र भक्तपुर दरवार स्कवायर | <br><br>०७5 पौष<br>०७७ आषाढ<br>०७८ आषाढ | पुरातत्व विभाग |

# संस्कृति संरक्षण र विकास

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
|  | माइलस्टोन ५: धरहरा निर्माणका लागि कार्यादेश दिने ।(३ वर्ष भित्र सम्पन्न गर्ने गरी) | | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
|  | माइलस्टोन ६: काष्ठमण्डप पुनर्निर्माणको भौतिक कार्य शुरु गर्ने ।(३ वर्ष भित्र सम्पन्न गर्ने गरी) | | काठमाण्डौ महानगरपालिका |
|  | माइलस्टोन ७: रानीपोखरी पुनर्निर्माणका लागि पुरातत्व विभागले तयार गरेको डिजाइन अनुसार भौतिक कार्य शुरु गर्ने । (३ वर्ष भित्र सम्पन्न गर्ने गरी) | | काठमाण्डौ महानगरपालिका |

# संस्कृति संरक्षण र विकास

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
|  | **क्रियाकलाप २ः** राष्ट्रिय सांस्कृतिक संग्रहालय निर्माण | | |
| | माइलस्टोन १ः राष्ट्रिय जातीय संग्रहालयको स्वामीत्वमा रहेको सम्पत्ति सहित राष्ट्रिय सांस्कृतिक संग्रहालयमा रुपान्तरण हुने गरी आपसी समन्वयमा अवधारणा पत्र तयार गरी पेश गर्ने । | 075 श्रावण | पुरातत्व विभाग |
| | माइलस्टोन २ः विकास समिति गठन आदेश तर्जुमा र स्वीकृतिका लागि पेश गर्ने । | 075 आश्विन | पुरातत्व विभाग |
| | माइलस्टोन ३ः संगठन संरचना तयारी, कार्य प्रारम्भ र संचालन गर्ने । | 075 माघ | पुरातत्व विभाग |
|  | **क्रियाकलाप ३ः** नारायणहिटी संग्रहालयको वृहत्तर गुरुयोजना तयार गरी विकास र प्रवर्द्धन गर्ने । | | |
| | माइलस्टोन १ः अवधारणा पत्र तयार गरी पेश गर्ने । | 075 श्रावण | पुरातत्व विभाग |
| | माइलस्टोन २ः वृहत गुरुयोजना तयार गरी पेश गर्ने । | 075 फाल्गुण | पुरातत्व विभाग |
| | माइलस्टोन ३ः स्वीकृति र कार्यान्वयनका लागि नेपाल सरकार म.प.मा पेश गर्ने । | 075 चैत्र | मन्त्रालय |

# पर्यटन प्रवर्द्धन

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| पर्यटन पूर्वाधार निर्माण र पर्यटक संख्या वृद्धि गर्न आगामी दुई वर्षमा २० लाख पर्यटक भित्राउने गरी भिजिट नेपाल २०२० अभियान संचालन गर्ने । | **क्रियाकलाप १:** भिजिट नेपाल २०२० को अभियान शुरुवात गर्ने । | | |
| | माइलस्टोन १: विश्वका मुख्य 6 भाषामा (अंग्रेजी, चाइनीज, स्पेनीस, फ्रेन्च, जर्मनी र रसियन) वेभसाईट बनाउने तथा डिजिटल मार्केटिङ्ग गर्ने । | ०७५ कार्त्तिक | नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन 2: नयाँ गन्तव्यहरु समेतको आकर्षणहरु झल्कने गरी १० वटा छोटा भिडियोहरु निर्माण गरी Social Media मा अपलोड गर्ने । | ०७५ मंसीर | नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन 3: BBC,CNN, भारतीय तथा चिनीया विद्युतीय सञ्चार तथा छापा माध्यम मार्फत नेपालको पर्यटन प्रवर्द्धन गर्ने। | ०७५ कार्त्तिकबाट निरन्तर | नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन 4: भारत, चीन, अमेरिका, यूरोप लगायतका देशहरुमा १० वटा B2B सेल्स मिसनको आयोजना गर्ने। | ०७५ कार्त्तिकबाट निरन्तर | नेपाल पर्यटन बोर्ड |
| | **क्रियाकलाप 2: नयाँ धार्मिक पर्यटन मार्गहरुको प्रवर्द्धन गर्ने :** | ०७६ बैशाख | नेपाल पर्यटन बोर्ड |
| | • रामायण सर्किट - जनकपुर देखि अयोध्या | | |
| | • बौद्ध सर्किट - लुम्बिनी देखि बोधगया, सारनाथ, कुसीनगर | | |
| | • शिव सर्किट - पशुपतिनाथ देखि बाराणसी | | |

# पर्यटन प्रवर्द्धन

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| थप पर्यटकीय गन्तव्य पहिचान र विकास गरिनेछ | **क्रियाकलाप १:** मुलुकभरका संभाव्य १०० नयाँ गन्तव्यहरुको पहिचान, विकास र प्रवर्द्धन | | |
| | माइलस्टोन १: छनौट कार्यदल गठन गरी सार्वजनिक सूचना आव्हान गर्ने । | ०७५ श्रावण | नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन २ : छनौट मापदण्ड तयार गर्ने । | ०७५ श्रावण | योजना महाशाखा/ मन्त्रालय |
|  | माइलस्टोन 3 :प्रत्येक प्रदेशबाट कम्तीमा १० वटा रहने गरी १०० वटा गन्तव्यहरुको छनौट गर्ने। | ०७५ भाद्र | मन्त्रालय र नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन ४ :प्रदेश एवं स्थानीय सरकार र निजी क्षेत्रसहितको सहलगानी प्रारुप तयार गर्ने । | ०७५ आश्विन | मन्त्रालय र नेपाल पर्यटन बोर्ड |
|  | माइलस्टोन ५: छनौट भएका गन्तव्यको एकीकृत विकास गर्न TOR तयार गर्ने तथा कार्यान्वयन सुरु गर्ने । | ०७५ मंसीर | योजना महाशाखा/ मन्त्रालय |
| | माइलस्टोन ६: हरेक प्रदेशको १/१ वटा प्रमुख पर्यटन गन्तव्यको रुपमा गुरुयोजना तयार भैसकेका स्थलहरु (इलामको सन्दकपुर, जनकपुरको धनुषाधाम, मकवानपुरको इन्द्रसरोवर, कास्कीको पन्चासे, कपिलवस्तुको निग्लीहवा, मुगुको रारा र कैलालीको भादागाँउ) को गुरुयोजना कार्यान्वयन शुरु गर्ने । | ०७५ मंसीर | पर्यटन विभाग |

# पर्यटन प्रवर्द्धन

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| **पहिले देश अनि विदेशको** भावना अनुरुप आन्तरिक पर्यटन प्रवर्द्धन अभियानका रुपमा प्रवर्द्धन गर्ने । | **क्रियाकलाप** ः १ आन्तरिक पर्यटन प्रर्बद्धन | | |
| | माइलस्टोन १ः विभिन्न सेलिव्रेटीहरुलाई यस अभियानको प्रचार र प्रवर्द्धनका लागि अभियान प्रवर्द्धक छनौट गरी प्रचार प्रसार गर्ने । | ०७५ भाद्र | नेपाल पर्यटन बोर्ड |
|  | माइलस्टोन २ः मिडिया मार्फत गन्तव्यहरुको बारेमा जनचेतना अभिवृद्धिका कार्यक्रमहरु प्रशारण गर्ने । | ०७५ भाद्रदेखि निरन्तर | नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन ३ः राजमार्ग तथा पर्यटकीय गन्तव्यस्थलहरु सूचनामूलक होर्डिङ बोर्डहरु तथा साइनेज राख्ने । | ०७५ भाद्रदेखि निरन्तर | नेपाल पर्यटन बोर्ड |
|  | माइलस्टोन ४ः निजी क्षेत्रका नेतृत्वदायी संस्थाहरुबाट आन्तरिक पर्यटन प्रवर्द्धनका प्याकेज ल्याउन प्रोत्साहित गर्ने । | ०७५ भाद्र | नेपाल पर्यटन बोर्डको समन्वयमा |
| | **क्रियाकलाप** ः 2 Tourism Satellite Account तयार गर्ने । | ०७६ ज्येष्ठ | नेपाल पर्यटन बोर्ड |

# पर्यटन प्रवर्द्धन

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| पर्यटनलाई बाह्रै मास चलायमान बनाईनेछ। भारत र चीन लक्षित पर्यटक प्रवर्द्धन कार्यक्रमलाई विशेष रुपमा अघि बढाईनेछ।    | **क्रियाकलाप १: भारत तथा चीन लक्षित पर्यटक प्रवर्द्धन कार्यक्रम** | | नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन १: नेपाल पर्यटन बोर्डको मार्केटिङ्ग बजेटको १०/१० प्रतिशत बजेट चीन र भारतका लागि छुट्टयाइने। | ०७५ श्रावण | |
| | माइलस्टोन २: चीन र भारतस्थित नेपाली दुतावाससँगको समन्वयमा मार्केटिङ्ग एक्सपर्ट नियुक्त गर्ने। | ०७५ कार्त्तिक | |
| | माइलस्टोन ३: Travel Fair/Mart मा सहभागिता ।गर्मी, वर्षा र जाडो यामका लागि भारत लक्षित र जाडो यामका लागि चीन लक्षित प्रवर्द्धनात्मक कार्यक्रम गर्ने। | वर्षभरि निरन्तर | |
| | माइलस्टोन ४: कम्तीमा १०/१० वटा Sales Mission र Road Show को आयोजना गर्ने। | ०७५ भाद्रदेखि | |
| | माइलस्टोन ५: कम्तीमा 110 जना भारतीय टूर अपरेटर्सहरुलाई नेपाल सम्बन्धी अभिमुखीकरण। | ०७५ माघ | |
| | माइलस्टोन ६: भारतीय टूर अपरेटर्स, सञ्चारकर्मीहरुको परिचयात्मक भ्रमण गराउने। | ०७५ भाद्रदेखि | |

# पर्यटन प्रवर्द्धन

| नीति’ कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| ¨ चीन लक्षित पर्यटक प्रवर्द्धन कार्यक्रमलाई विशेष रुपमा अघि बढाईनेछ ।  | **चीन लक्षित विशेष अभियान** (Campaign) **सञ्चालन**ः | | नेपाल पर्यटन बोर्ड |
| | माइलस्टोन ७ः नेपालबारे चीनमा अनलाईन प्रवर्द्धन गर्ने (Wechat, Weibo, ) । | वर्षभरि | |
| | माइलस्टोन ८ः नेपालका चिनियाँ भाषा बोल्ने कम्तिमा ९० जना पथप्रदर्शकहरुलाई चिनियाँ प्रशिक्षकद्वारा तालिम दिने | ०७५ भाद्र र माघमा | |
| | माइलस्टोन ९ः चीनका कम्तीमा ६० जना सञ्चारकर्मी र टुर अपरेटरलाई नेपालको परिचयात्मक भ्रमण गराई पर्यटन प्रवर्द्धन गर्ने । | ०७५ आश्विन | |
| | माइलस्टोन १०ः चिनियाँ भाषामा कम्तीमा ५ वटा भिडियो निर्माण गरी चीनमा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | |

# नागरिक उड्डयन

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| हवाइ उड्डयन क्षेत्रमा उच्च प्रविधि प्रयोग र अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यमा तीव्रता दिने । | **क्रियाकलाप १ः** गौतमबुध्द अन्तरराष्ट्रिय विमानस्थल निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउने । | ०७६ आषाढमा सम्पन्न हुने | ने. ना. उ. प्रा. |
|  | **क्रियाकलाप २ः** पोखरा क्षेत्रिय अन्तरराष्ट्रिय विमानस्थल निर्माण कार्य | | ने. ना. उ. प्रा. |
| | क. जग्गा अधिग्रहण कार्य सम्पन्न गर्ने । | ०७६ वैशाख | |
| | ख. विमानस्थल निर्माण कार्यको निरन्तरता (३ वर्षमा सम्पन्न गर्ने ।) | ०७६ आषाढमा ४० प्रतिशत कार्य सम्पन्न हुने | |

# नागरिक उड्डयन

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
|  | **क्रियाकलाप ३ः** निजगढ अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्य | | नेः नाः उ प्राः |
| | कः ११० विगाहा जग्गा अधिग्रहण गर्ने । | ०७५ फाल्गुण | |
| | खः १४७९ घरधुरी रहेको बस्ति व्यवस्थापनको मोडालिटी तयार गर्ने। | ०७५ कार्तिक | |
| | गः Site clearance को लागि MOU को कार्यान्वयन शुरुवात | ०७५ कार्तिक | |
| | घः विमानस्थल निर्माणको Modality तयार गर्ने । | ०७५ मंसिर | मन्त्रालय |
| | ङः DPR तयारीका लागि परामर्शदाता नियुक्ति । | ०७५ फाल्गुण | |
|  | **क्रियाकलाप ४ः** त्रिभुवन अन्तार्राष्ट्रिय विमानस्थल विस्तार | | नेः नाः उ प्राः |
| | कः टर्मिनल भवन विस्तारको काम सम्पन्न गर्ने । | 076 आषाढ | |
| | खः धावनमार्ग विस्तार (दक्षिण तर्फको) खरिद प्रकृया सम्पन्न गरी ४० प्रतिशत कार्य सम्पन्न | 076 आषाढ | |
| | गः अन्तराष्ट्रिय एप्रोन निर्माण कार्य सम्पन्न गर्ने । (दक्षिण तर्फ) | ०७६ ज्येष्ठ | |
| | घः अन्तराष्ट्रिय एप्रोन तथा समानान्तर टेक्सि वे निर्माण कार्यको प्रारम्भ गर्ने । (उत्तर तर्फ) | ०७५ फाल्गुण | |
| | ङः धावनमार्गको Rehabilitation कार्य सम्पन्न गर्ने । | ०७६ आषाढ | |

# नागरिक उड्डयन

| नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विषय | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| विराटनगर, जनकपुर, नेपालगञ्ज र धनगढी विमानस्थललाई क्षेत्रीय विमानस्थलको रुपमा स्तरोन्नती गरी छिमेकी मुलुकहरुसम्म उडान सुरु गरिनेछ ।  | १. विराटनगर विमानस्थलमा एप्रोन तथा टेक्सी वे विस्तार गर्ने कार्य सम्पन्न गर्ने । | ०७६ आषाढ | ने. ना. उ. प्रा. |
| | २. जनकपुर विमानस्थलमा एप्रोन विस्तार, रनवे ट्याक्सी वे, overlay कार्य सम्पन्न गर्ने । | ०७६ आषाढ | |
| | ३. नेपालगञ्ज विमानस्थलमा एप्रोन निर्माण तथा टर्मिनल बिल्डिङ विस्तार कार्य सम्पन्न गर्ने । | ०७५ चैत्र | |
| | ४. नेपालगंज-दिल्ली अन्तराष्ट्रिय उडान शुरू गर्ने । | ०७६ वैशाख | |
| | ५. धनगढी विमानस्थल स्तरोन्नति गर्ने । | ०७६ आषाढ | |

# नागरिक उड्डयन

| प्रमुख कार्यक्रम | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| काभ्रेपलाञ्चोकमा वैकल्पिक आन्तरिक विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ। | **क्रियाकलाप १:** काभ्रेपलान्चोकमा वैकल्पिक आन्तरिक विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माण कार्य । | | ने. ना. उ. प्रा. |
| | क. EIA सम्पन्न गर्ने । | ०७५ माघ | |
| | ख. DPR सम्पन्न गर्ने । | ०७५ चैत्र | |
| | ग. जग्गा अधिग्रहण कार्य प्रारम्भ गर्ने । | ०७६ वैशाख | |
| आन्तरिक विमानस्थल विस्तार सम्बन्धमा गुरुयोजना तयार पारिनेछ। | **क्रियाकलाप २:** आन्तरिक विमानस्थलहरुको आवश्यकताका पहिचानको आधारमा नक्शाङ्कन गरी नयाँ विमानस्थल निर्माण तथा विस्तार सम्बन्धमा नीति तर्जुमा गर्ने । | ०७५ चैत्र | |
| विपद् प्रभावित पर्यटकलाई आपत्कालीन उध्दार गर्न हेलिप्याड नपुगेका सबै स्थानीय तहमा स्थानीय तहले उपलब्ध गराउने जग्गामा हेलिप्याड निर्माण गरिनेछ । | Helipad को Technical Specifications तयार गरी स्थानिय निकायसँगको सहकार्यमा दुर्गम स्थानीय तहहरुमा हेलिप्याड निर्माण कार्य गर्ने गराउने | ०७५ चैत्र | ने. ना. उ. प्रा.  |

# नागरिक उड्डयन

| | क्रियाकलाप/ माइलस्टोन | समयावधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|
| **नेपाल वायुसेवा निगम तर्फ** | १. नयाँ वाइड बडी विमानको व्यवसायिक संचालन गर्ने । | पहिलो ०७५ श्रावण<br>दोश्रो ०७५ भाद्र | **नेपाल वायुसेवा निगम** |
|  | २. वाइड बडी विमानका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था मिलाउने । | ०७५ भाद्र | |
| | ३. अन्तराष्ट्रिय उडानमा प्रत्येक जहाज दैनिक कम्तीमा १४ घण्टा सञ्चालन हुने व्यवस्था मिलाउने । | ०७५ चैत्र | |
| | ४. हाल उडान भैरहेका मुलुकका अतिरिक्त जापान, दक्षिण कोरिया, साउदी अरेबियामा उडान सञ्चालन हुने व्यवस्था मिलाउने । | ०७५ चैत्र | |
| | ५. आन्तरिक उडानका लागि ६ वटा साना र अन्तराष्ट्रिय उडानका लागि थप २ वटा Narrow Body जहाजको टेण्डर आव्हान गरी खरिद आदेश दिने । | ०७६ वैशाख | |

# नवप्रवर्तनका कार्यहरु

- अन्तराष्ट्रिय जगतमा सकारात्मक सन्देश दिन हालसम्म पुनर्निर्माण भएका सम्पदाहरुको फोटो सहितको बुकलेट प्रकाशन गर्ने र वृत्तचित्र बनाउने ।
- बुद्धको जन्मभूमि नेपालमा रहेका सम्पदाहरुको प्रबर्द्धन गर्दै अधिकतम संख्यामा पर्यटकहरु भित्र्याउन निजी क्षेत्रसँगको सहकार्यमा नेपाल पर्यटन बोर्ड मार्फत बुद्धिस्ट इन्टरनेशनल ट्राभल मार्ट (BITM) आयोजना गर्ने ।
- नेपालको सांस्कृतिक जात्रा/पर्वहरुको क्यालेण्डर तयार गरी प्रकाशन तथा प्रचार प्रसार गर्ने।
- नारायणहिटी संग्रहालयको श्रीपेच २०७५ कार्तिक सम्ममा प्रदर्शनीमा राख्ने ।
- लुम्बिनी क्षेत्रको केन्जोटाँगे गुरुयोजना बमोजिमका कार्यहरु ३ वर्षभित्र सम्पन्न गर्ने गरी वार्षिक योजना बनाउने । ग्रेटर लुम्बिनी विकासको गुरुयोजना १८ महिनामा तयार गर्ने ।

# नवप्रवर्तनका कार्यहरु (क्रमश:)

- मुक्तिनाथ क्षेत्र विकासको गुरुयोजना निजी क्षेत्र समेतको सहलगानीमा कार्यान्वयन शुरु गर्ने ।
- पशुपति क्षेत्र विकासको गुरुयोजना  कार्तिक मसान्त भित्र सम्पन्न गरी कार्यान्वयनमा ल्याउने ।
- जनकपुरको रामजानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्ने प्रक्रिया अघि बढाउने ।
- पर्यटन विश्वविद्यालयको अवधारणा सहितको कानून तर्जुमा गर्न संसद समक्ष विधेयक पेश गर्ने ।
- पदयात्रा र पर्वतारोहणमा उद्दार कार्य गर्दा देखिएका समस्याहरु निराकरण गरी व्यवस्थित गर्न एक कार्यविधि ०७५ भाद्र महिनासम्म तर्जुमा गर्ने ।

# नवप्रवर्तनका कार्यहरु (क्रमश:)

- चन्द्रगढी र जनकपुर विमानस्थलमा रात्री उडान संचालनमा ल्याउने ।
- अन्तरप्रदेश उडान पोखरा- भरतपुर र पोखरा-भैरहवा संचालन शुरु भएको छ । यसै वर्ष पोखरा- नेपालगंज उडान संचालनमा ल्याउने ।
- जनकपुर र विराटनगर विमानस्थलबाट अन्तराष्ट्रिय उडानका लागि आवश्यकताका आधारमा थप पूर्वाधार तयार गर्ने ।
- Air route को सहमति भए अनुसार जनकपुर, विराटनगर र महेन्द्रनगर हवाइ मार्गलाई ०७५ सालभित्र भारतसँग दुइतर्फी बनाउने । नेपालगंजबाट आगमन रुट स्थापना गर्ने ।
- त्रिभुवन विमानस्थल २१ घण्टा सञ्चालन भए पश्चात Traffic Flow Management Plan बनाउने ।Slot को वैज्ञानिक व्यवस्थापन गर्ने ।

# नवप्रवर्तनका कार्यहरु (क्रमश:)

- नागरिक उड्डयन क्षेत्रमा सेवा प्रदायक तथा नियमन निकाय फरक-फरक हुने गरी कानून तर्जुमाको लागि संसद समक्ष विधेयक पेश गर्ने ।
- मोन्ट्रियल कन्भेन्सन अनुमोदनका लागि संसद समक्ष पेश गर्ने ।
- केपटाउन कन्भेन्सनको अनुमोदनका लागि संसद समक्ष पेश गर्ने ।
- नेपाल वायुसेवा निगमको आन्तरिक सेवामा समेत श्रावण महिनाभित्र e-ticketing सेवा दिने ।
- Flying School स्थापनाको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति तर्जुमा गरी लागू गरिनेछ ।

# नवप्रवर्तनका कार्यहरु

- क्यासिनो क्षेत्रमा रहेका विसंगतिको नियन्त्रण गरी गुणस्तरीय पर्यटक भित्र्याउन कानून तर्जुमाका लागि संसद समक्ष पेश गर्ने ।
- अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप होटलहरुको वर्गीकरण गर्ने ।
- पर्वतारोहणमा हुने Garbage को व्यवस्थापन गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।
- नेपाल होटल तथा पर्यटन प्रशिक्षण प्रतिष्ठान, नेपाल पर्वतीय प्रतिष्ठान र नेपाल पर्यटन बोर्डबाट १० हजार जनशक्तिलाई तालीम प्रदान गर्ने ।

# संघ, प्रदेश र स्थानीय तहको बजेट

| तह | बजेट | रकम (पूँजीगत) | कैफियत |
|---|---|---|---|
| संघतर्फ | १· मन्त्रालय· पर्यटन विभाग· पुरातत्व विभाग तर्फ | रु १ अर्ब २० करोड ५० लाख | १०० नयाँ गन्तव्य तर्फ ५० करोड र प्रतिष्ठान तर्फ ३० करोड समेत |
| | २. नेपाल नागरिक उड्डयन प्राधिकरण तर्फ । | रु. १९ अर्व ३५ करोड | |
| प्रदेश | ३· प्रदेश तर्फ | रु ८१ करोड २४ लाख ५० हजार | अर्थ मन्त्रालय मार्फत शसर्त अनुदान |
| स्थानीय | ४· स्थानीय तह तर्फ | रु ३३ करोड ३५ लाख ३२ हजार | |

# अन्त्यमा:
# आ.व. २०७५/०७६ मा प्राप्त हुने उपलब्धी

**संस्कृति तर्फ**

- भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरुको ८० प्रतिशत पुनर्निर्माण भएको हुने ।
- लुम्बिनीको केन्जोटांगेको योजना, पशुपतिको वृहत गुरुयोजना, मुक्तिनाथको गुरुयोजना र जनकपुरको गुरुयोजना कार्यान्वयनमा आएको हुने ।

**पर्यटन तर्फ**

- पर्यटक आगमन १२ लाखभन्दा बढी पुगेको हुने ।
- नेपालको १०० प्रमुख पर्यटन गन्तव्य विकास हुने र सोको बारेमा समान आमधारणा बन्ने ।

**नागरिक उड्डयन तर्फ**

- ने.ना.उ.प्रा. सक्षम नियमनकारी निकायको रुपमा विकास हुने ।
- गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल निर्माण कार्य सम्पन्न गरी संचालनमा आएको हुने ।
- पर्यटन र हवाई सेवाको क्षेत्रमा उच्चस्तरको जनशक्ति उत्पादनको ढोका खुल्ने ।





धन्यवाद ।